# प्रतिवेदनको सारांश

कानुनी रूपमा श्रमजीवी पत्रकारहरूको अस्तित्वलाई छापाखाना तथा प्रकाशन ऐन २०३९ ले पहिलोपटक स्वीकार गऱ्यो । यस ऐनको परिच्छेद ६ मा गरिएको प्रेस काउन्सिलसम्बन्धी व्यवस्थामा काउन्सिलका ११ जना सदस्यहरूमा श्रमजीवी पत्रकारहरूमध्येबाट दुई जना रहने व्यवस्था गरियो । ऐनको कुनै पनि दफामा श्रमजीवी पत्रकारको परिभाषा भने गरिएन । त्यसैको परिणामस्वरुप, प्रेस काउन्सिलमा सम्पादक र प्रकाशक रहिरहेका वा रहिसकेका व्यक्तिहरू पनि श्रमजीवी पत्रकारको हैसियतमा सदस्यमा नियुक्त गर्ने प्रचलन कायम हुन पुग्यो । २०४६ सालको राजनीतिक परिवर्तनपछि जारी छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ ले सम्पादक, प्रकाशक र पत्रकारलाई परिभाषित गरे पनि श्रमजीवी पत्रकारको विषयमा केही बोलेन । छापाखाना र प्रकाशनसम्बन्धी नियमावली २०४९ मा सम्पादक, पत्रकार र स्वतन्त्र पत्रकारको योग्यतासमेत तोकियो तर श्रमजीवी पत्रकारबारे केही उल्लेख गरिएन । पञ्चायती शासन व्यवस्थाको उत्तरार्द्धदेखि प्रेस काउन्सिलमा श्रमजीवी पत्रकारका नाममा हुँदै आएको दुई जनाको प्रतिनिधित्व २०४८ सालमा घटाएर एक जनामा सीमित गरियो । जबकि २०४७ सालमै तत्कालीन अन्तरिम सरकारले जारी गरेको राष्ट्रिय प्रेस नीतिमा श्रमजीवी पत्रकारहरूको अस्तित्व स्वीकार गरी उनीहरूका बारेमा आवश्यक कानुनी व्यवस्था गर्ने घोषणा गरिएको थियो । २०५१ सालमा श्रमजीवी पत्रकारसम्बन्धी ऐन तर्जुमा गरिएपछि श्रमजीवी पत्रकारहरू पहिलोपटक परिभाषित हुन पुगे । यस ऐनमा २०६४ सालमा गरिएको संशोधनले 'पत्रिका व्यवस्थापन' को सट्टा 'सञ्चार प्रतिष्ठानमा काम गर्ने' भन्ने मात्र उल्लेख गरेन, प्रसारणमाध्यममा काम गर्नेलाई समेत समेट्ने गरी समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, प्रेस क्यामराम्यान, कार्यक्रम निर्माता वा सञ्चालक तथा दृश्य वा भाषा सम्पादकलाई समेत श्रमजीवी पत्रकारको रुपमा परिभाषित गऱ्यो । ऐन संशोधन गर्दा सञ्चार प्रतिष्ठानमा काम गर्ने कर्मचारी र कामदारलाई पनि श्रमजीवीको रुपमा समेटियो । संशोधनअघिको ऐनमा कामदारको व्यवस्था गरिएको थिएन भने व्यवस्थापक र श्रमजीवी पत्रकारबाहेक पत्रिका व्यवस्थापनको प्रशासनिक वा अन्य काममा संलग्न व्यक्तिलाई कर्मचारीको रुपमा परिभाषित गरिएको थियो ।